# देवचुली नगरपालिका

## स्थानीय राजपत्र

**खण्डः७** **संख्याः११**

स्थानीय राजपत्रमा प्रकाशित मितिः२०८२/२/०७

कार्यापालिकाबाट स्वीकृत मितिः२०८१/११/२३

## भाग २

## अति विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने कार्यविधि, २०८१

**प्रस्तावनाः** देवचुली नगरपालिका अन्तर्गत सामूदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरु आर्थिक स्रोतको अभावमा विद्यालय जाने अवसरबाट बञ्चित हुन नपरोस भनी अति विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई आवश्यक पर्ने छात्रावृत्ति उपलब्ध गराई समग्र देवचुली नगरपालिकाको शैक्षिक गुणस्तर सुधार गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा '१०२' को उपदफा '२' को अधिकार प्रयोग गरी देवचुली नगरपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

देवचुली नगरपालिका राजपत्र

## परिच्छेदः १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** १) यो कार्यविधिको नाम देवचुली नगरपालिकाका सामुदायिक विद्यालयमा अध्ययनरत अति विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने कार्यविधि — २०८१

२) यो कार्यविधि देवचुली नगरपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "नगरपालिका" भन्नाले देवचुली नगरपालिका संझनुपर्दछ ।

ख) "कार्यपालिका" भन्नाले देवचुली नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

ग) "शिक्षा समिति" भन्नाले देवचुली नगरपालिकाको शिक्षा समिति सम्झनु पर्दछ ।

ग) "विद्यालय" भन्नाले देवचुली नगरपालिकाभित्रका सामूदायिक विद्यालय संझनुपर्दछ ।

घ) "शाखा" भन्नाले देवचुली नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा संझनुपर्दछ ।

ङ) "समिति" भन्नाले यस कार्यविधि अनुसार बनेको छात्रवृत्ती मूल्याकंन तथा सिफारिस समिति संझनुपर्दछ ।

**३. कार्यक्रमको उद्धेश्यः** १)यस कार्यक्रमको मुख्य उद्देश्य अति विपन्न तथा गरिब विद्यार्थीहरुलाई आवश्यक सहयोग गरी शिक्षाको मूलधारमा समावेश गराउनु नै हो

२) कार्यक्रमका अन्य उद्धेश्यहरु देहाय वमोजिम हुनेछन् ।

क) गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई शिक्षाको अवसर प्रदान गर्नु ।

ख) जेहेन्दार विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप छात्रवृत्ति रकम उपलब्ध गराउनु ।

ग) सबैका लागि शिक्षा भन्ने मूल नारालाई सफल पार्न सहयोग गर्नु ।

**४. कार्यक्रम सञ्चालन हुने क्षेत्र र समायवधीः** १) यो कार्यक्रम देवचुली नगरपालिकाका सम्पूर्ण सामुदायिक विद्यालयमा सञ्चालन हुनेछ ।

२) कार्यक्रम सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १ देखि १२ सम्मका अति विपन्न तथा जेहेन्दार विद्यार्थी लक्षित हुनेछ ।

३) कार्यक्रमको समयावधि पहिलो पटकको लागि आ.व. २०८१/०८२ हुनेछ र क्रमशः अन्य आर्थिक वर्षहरुमा समेत लागु गर्न सकिनेछ।

## परिच्छेदः २
## विद्यार्थी छनौट र वितरण

**५. सूचना प्रकाशन र विवरण पेश गर्नेः** १) अति विपन्न तथा जेहेन्दार विद्यार्थी छनौट गर्न नगरपालिकाले १५ दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ ।

२) उपदफा १ वमोजिमको सूचनाको म्याद भित्र विद्यालयले अति विपन्न तथा जेहेन्दार छात्रवृत्तिको लागि देहाय बमोजिमका कागजातसहित अनुसूची १ वमोजिमको छात्रवृति माग फारम

विद्यार्थीहरुलाई भर्न लगाई विद्यालयले अनुसूचि ५ को आधारमा सर्ट लिष्ट गरी विद्यार्थीहरुको विवरण सहित अनुसूचि २ वमोजिमको आवेदन फारम भरी नगरपालिकामा पेश गर्ने ।

क) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको विद्यार्थी छनौट सिफारिस सम्वन्धमा सयूँक्त निर्णय ।

ख) नगर/वडा स्तरबाट अन्य छात्रवृत्ती नपाएको भनी विद्यालयबाट प्रमाणित कागजात ।

३) अनुसूचि ३ बमोजिमको स्वतःआरक्षण प्राप्त विद्यार्थीहरुले अनुसूचि १ को खण्ड ख बमोजिमको आवेदन फारम भरी विद्यालयमा बुझाउनुपर्नेछ ।

४) उपदफा २ वमोजिम आवेदन गर्दा विद्यालयले अनुसूचि ३ वमोजिमका मापदण्डहरुमा रही विद्यार्थी छनौट गर्नुपर्नेछ ।

५) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि अन्य नगर स्तरीय तथा वडा स्तरीय छात्रवृति कार्यक्रम अन्तर्गत छात्रवृति प्राप्त गरेका विद्यार्थीहरुको हकमा यो रकम वितरण गर्न पाइने छैन ।

## परिच्छेदः ३
## मूल्याकंन तथा सिफारिस

**६.छात्रवृत्ती मूल्याकंन तथा सिफारिस समितिः** १) परिच्छेद २ वमोजिमको विद्यार्थीहरुको मूल्याकंन तथा सिफारिस गर्नको लागि देहाय वमोजिमको एक समिति रहनेछ ।

| | |
|---|---|
| क. नगरपालिकाको प्रमुखः | - संयोजक |
| ख. नगरपालिका उप प्रमुखः | - सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ. शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | - सदस्य |
| ङ. आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| च. शिक्षा युवा तथा खेलकुद शाखाको अधिकृत | - सदस्य सचिव |

**७. विवरणको मूल्याकंन तथा सिफारिस ।**

१) समितिले विद्यालयबाट सिफारिस गरी पठाइएका विद्यार्थीहरुको विवरण सहित सम्वन्धित विद्यालयमा गई विद्यार्थीहरुसँग अनुसूचि ४ मा उल्लेखित आधारमा अन्तर्वार्ता सञ्चालन समेत गर्न सक्नेछ र सो विवरणहरुलाई मूल्याकंन तथा प्राथमिकीकरण गर्नेछ । सो कार्यको लागि आवश्यकता अनुसार उपसमिति बनाउन सक्नेछ । अन्तर्वार्ता तथा परीक्षामा सहभागी समिति, उपसमिति तथा अन्य शिक्षक कर्मचारीहरुलाई तोकिए अनुसारको पारिश्रमिक उपलब्ध गराउन सकिनेछ ।

२) कक्षा ११ र १२ का विद्यार्थीहरुको हकमा लिखित परीक्षा सञ्चालन गरी विद्यार्थी छनौट गर्न सकिनेछ ।

३) समितिले उपदफा १ र २ को प्रयोजनको लागि आवश्यकता अनुसार अन्य विद्यालयका शिक्षकहरुको सहायता लिन सक्नेछ ।

४) उपदफा १ वमोजिमको मूल्यांकन र प्राथमिकीकरणका आधारहरु अनुसूची -५ मा उल्लेखित मापदण्ड वमोजिम हुनेछ ।

३) समितिले प्राप्त विवरणहरु उपर दफा १ र २ वमोजिम मूल्यांकन गरी प्राथमिकताक्रमका साथ समक्ष सिफारिस गर्नुपर्दछ ।

४) समितिले छात्रवृत्तिको लागि सिफारिस गर्दा विद्यार्थीहरुले प्राप्त गरेको अधिकतम अंकका आधारमा गर्नुपर्नेछ ।

**८. विद्यार्थी छनौट तथा छात्रवृत्ति रकम निर्धारणः** १) समितिले दफा ६ वमोजिम सिफारिस भई आएका विवरणको आवश्यकता अनुसार छलफल तथा परिमार्जन र स्वीकृत गरी कार्यान्वयनको प्रकृयामा अगाडि बढाउनुपर्नेछ ।

२) समितिले आवश्यकता तथा विद्यालयबाट प्राप्त विवरणका आधारमा विद्यार्थी संख्या थपघट गर्न सक्नेछ ।

३) नगरपालिकाले उपदफा १ वमोजिमको जानकारी सम्वन्धित विद्यालयलाई दिनुपर्नेछ ।

४) विद्यार्थीहरुलाई प्रदान गरिने रकमको निर्धारण, स्वीकृत बजेट, विद्यार्थी संख्या र विद्यार्थीहरुको आवश्यकता समेतलाई आधार मानी समितिले गर्नेछ ।

५) उपदफा ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि छनौट प्रकृया पुरा गरेका देवचुली नगरपालिकाको स्थायी बासिन्दा भई देवचुली नगरपालिका भित्रको शैक्षिक संस्थामा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीको हकमा विद्यालयले तोकेको मासिक शुल्कको ५० प्रतिशत रकम छात्रवृत्तिको रुपमा उपलब्ध गराउन सकिनेछ ।

**९. छात्रवृत्ति रकम निकासा तथा कार्यक्रम कार्यान्वयनः** १) नगरपालिकाले छनौट भएका विद्यार्थीहरुको खातामा एकमुष्ट छात्रवृत्ती रकम निकासा गरी विद्यार्थीहरुलाई जानकारी प्रदान गर्नेछ । विद्यार्थी संख्या धेरै भएको अवस्थामा विद्यार्थी छनौट भएका विद्यालयहरुसँग सम्झौता गरी विद्यालयको खातामा तोकिएको रकम अनुदान निकासा गर्नेछ । सो अनुदान रकम अभिभावकको रोहवरमा विद्यार्थीहरुलाई वितरण गरी भरपाई तयार गर्ने तथा सो विवरणको १ प्रति शाखामा वुझाउनुपर्नेछ ।

२) उपदफा १ वमोजिमको रकम वितरणको लागि विद्यालयले आवश्यकता अनुसार थप कार्यविधि बनाई कार्य गर्न सक्नेछ । जसमा नगरपालिकाबाट प्राप्त अनुदान रकमका अतिरिक्त अन्य विभिन्न स्रोतहरुबाट प्राप्त हुने बजेट थप गरी विद्यार्थीहरुलाई वितरण गर्न सक्नेछ ।

३) विद्यार्थीहरुलाई छात्रवृत्ति रकम वितरण गर्दा कम्तिमा पनि विद्यार्थीको झोला, पाठ्यपुस्तक, विद्यालय पोसाक जस्ता आधारभूत कुराहरुको सूनिश्चितता भएको हुनुपर्दछ ।

४) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि समयमा आवश्यक विवरण पेश नगर्ने तथा अनुदान प्राप्त गरी सम्झौता वमोजिम कार्य नगर्ने विद्यालयलाई आवश्यक कारवाहि गर्न सकिनेछ । साथै निकासा भएको रकम सम्वन्धित विद्यालयबाट असुल उपर गरिनेछ ।

## परिच्छेदः ४

## सम्वद्ध समिति र निकायको भुमिका

**१०. नगर शिक्षा समितिको भूमिकाः** १) शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) कार्यक्रमको प्रभावकारी सञ्चालन र कार्यान्वयनको लागि नीति निर्माण, मार्गदर्शन र सहजिकरण गर्ने ।

ख) स्वीकृत मापदण्ड अनुसार विद्यार्थी छनौट, विद्यार्थी संख्या निर्धारण तथा अनुदान रकम निर्धारण गर्ने विषयमा निर्णय लिने ।

ग) आवश्यकता अनुरुपको कार्यक्रमको नतिजामूलक अनुगमन, मूल्यांकन तथा समिक्षा गर्ने ।

**११. मूल्यांकन तथा सिफारिस समितिको भुमिकाः** १) समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) विद्यार्थी तथा विद्यालयबाट प्राप्त छात्रवृत्ती सम्वन्धी विवरणहरुको मूल्यांकन गर्ने

ख) स्वीकृत मापदण्ड अनुसार मूल्यांकन गरी विद्यार्थी छनौट, विद्यार्थी संख्या तथा अनुदान रकम निर्धारण गरी कार्यपालिकामा सिफारिस गर्ने ।

ग) छात्रवृत्ति वितरण प्रणालीलाई उद्धेश्यमूलक तथा प्रभावकारी बनाउन कार्यपालिकालाई आवश्यक सुझाव दिने ।

घ) आवश्यकता अनुरुपको कार्यक्रमको नतिजामूलक अनुगमन, मूल्यांकन तथा समिक्षा गर्ने ।

ङ) कार्यको प्रकृति र आवश्यकता अनुसार उपसमितिहरु गठन गरी सहयोग लिने ।

च) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

**१०. शिक्षा, यूवा तथा खेलकुद शाखाको भूमिकाः** १) कार्यक्रम सञ्चालन र कार्यान्वयनको लागि शाखाको भूमिका देहाय वमोजिम हुनेछ ।

क) कार्यक्रम सञ्चालन सम्वन्धमा स्वीकृत कार्यविधि अनुसार सूचना प्रकाशन गरी विद्यालयहरुबाट विवरण माग गर्ने ।

ख) प्राप्त विवरणहरुलाई स्वीकृत मापदण्डका आधारमा मूल्यांकन गर्नको लागि समितिमा पठाउने ।

ग) समितिको निर्णयानुसार कार्यक्रम कार्यान्वयनको लागि सम्वन्धित विद्यार्थीहरु रहेको विद्यालयमा बजेट बाँडफाँड र निकासाको लागि नगरपालिकामा पेश गर्ने ।

घ) कार्यविधिले निर्धारण गरेवमोजिम कार्यक्रम सञ्चालन र सहजिकरण गर्ने

ङ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि नियमित अनुगमन, मूल्यांकन गरी प्रतिवेदन तयार गर्ने ।

च) विद्यालयबाट प्राप्त प्रगति प्रतिवेदन, भरपाई तथा अन्य विवरणहरु संकलन, संरक्षण र सम्प्रेषण गर्ने ।

ज)कार्यपालिका तथा समितिले तोके वमोजिमका अन्य कार्यहरु गर्ने ।

**११. विद्यालयको भूमिकाः** १) कार्यक्रम सञ्चालन र कार्यान्वयनका लागि विद्यालयहरुको भूमिका देहाय वमोजिम हुनेछ ।

क) शाखाले प्रकाशन गरेको सूचना वमोजिम तोकिएकै समयमा विद्यार्थीहरुलाई तोकिएको फारममा भर्न लगाउने, कार्यक्रमको लक्षित विद्यार्थीहरुको निष्पक्ष रुपमा विद्यार्थी छनौट तथा कार्यविधिले तोकेवमोजिमको प्रकृया पूरा गरी नगरपालिकामा पेश गर्ने ।

ख) विद्यार्थी छनौट गर्ने क्रममा आवश्यकता अनुसार वडा कार्यालयसँग समन्वय गर्ने ।

ग) विद्यार्थी छनौट जानकारी सहित विद्यार्थी तथा अवस्था अनुसार विद्यालयमा अनुदान रकम निकासा हुने हुँदा सो रकम समयमा नै लक्षित विद्यार्थीहरुलाई वितरण गरी आवश्यक कागजात सहितको प्रगति प्रतिवेदन शाखालाई उपलब्ध गराउने ।

घ) कार्यक्रम कार्यान्वयनका क्रममा कुनै समस्या देखिएमा समिति तथा शाखासँग समन्वय गरी समाधान गर्ने ।

## परिच्छेदः ५
## कार्यक्रमको अनुगमन, निरिक्षण र प्रतिवेदन

**१२.कार्यक्रमको अनुगमन, निरीक्षण तथा प्रतिवेदन पेश गर्ने सम्वन्धी व्यवस्थाः** १) तोकिएको मापदण्डका आधारमा अनुदान रकम प्राप्त गर्ने विद्यालयहरुले तोकिएवमोजिमको मापदण्डमा रही वितरण गरे, नगरेको सम्वन्धी अनुगमन कार्यपालिका, समिति तथा शाखाले गर्नेछ । साथै सो को अनुगमन प्रतिवेदन शाखाले मूल्यांकन तथा सिफारिस समिति समक्ष पेश गर्नेछ।

**१३. सामाजिक परीक्षणः** १) सम्वन्धित विद्यालयले यस कार्यक्रमको अनिवार्य रुपमा सामाजिक परीक्षण गराउनु पर्नेछ । साथै सो प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ ।

## परिच्छेदः ६
## बचाउ र लागु नहुने

**१४.** १) यो कार्यविधि वा यो कार्यविधि अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोहि बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन वमोजिम हुनेछ ।

२) यो कार्यविधि लागु भएपछि कक्षा १-५ सम्मका अति विपन्न विद्यार्थीहरुलाई सहयोग रकम (पोसाक र पाठ्यपुस्तक तथा अन्य) निकासा कार्यक्रम सञ्चालन गर्ने कार्यविधि — २०७९ स्वतः खारेज भएको मानिनेछ ।

३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि स्वीकृत हुनु भन्दा पहिले कक्षा १-५ सम्मका अति विपन्न विद्यार्थीहरुलाई सहयोग रकम (पोसाक र पाठ्यपुस्तक तथा अन्य) निकासा कार्यक्रम सञ्चालन गर्ने कार्यविधि — २०७९ अनुसार सम्पन्न भइसकेका कार्यहरु यो कार्यविधि अनुसार नै भएको मानिनेछ ।

# अनुसूची –१ क

(दफा ५ को उपदफा २ सँग सम्वन्धित)

सामुदायिक विद्यालयका अति विपन्न तथा जेहेन्दार विद्यार्थीहरुले छात्रवृत्ति रकम प्राप्त गर्न भर्नुपर्ने फारम

विद्यार्थीको फोटो

श्रीमान प्रधानाध्यापक ज्यू,
श्री ..................................................

विषयः विपन्न तथा जेहेन्दार छात्रवृत्तिको लागि सिफारिस गरिदिने सम्वन्धमा ।

महोदय,

प्रस्तुत विषयमा देवचुली नगरपालिकाबाट आ.व......................... मा वितरण गरिने विपन्न तथा जेहेन्दार छात्रवृत्तिको लागि सिफारिस गरिदिनुहुन तपसिल अनुसारका आधार सहित अनुरोध गर्दछु ।

तपसिल

| क.स | आधार | अवस्था | ☑ लगाउने | अंक विद्यालय | क.स | आधार | अवस्था | ☑ लगाउने | प्राप्तांक विद्यालय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अति सिमान्तकृत | अति सिमान्तकृत भएमा | | | ६ | आफ्नो घर भए/नभए को भएको भए कस्तो | देवचुलीको स्थायी बासिन्दा भएर पनि आफ्नो घर नभएको कारणले अरु कसैकोमा बस्ने गरेको | | |
| | | अति सिमान्तकृत नभएमा | | | | | झुप्रो घर भएको | | |
| २ | बुवा आमा भए/ नभएको | एक जनामात्र भए | | | | | सामान्य माटोको घर भएको | | |
| | | दुवै जना भए | | | | | ढलान घर भएको | | |
| ३ | विद्यार्थी अपागंता | ‘ग’ वर्गको | | | ७ | जग्गा छ/छैन छ भने अनुमानित कति छ? | जग्गा नै नभएको | | |
| | | ‘घ’ वर्गको | | | | | १ कठ्ठा भन्दा कम | | |
| | | अपागं नभए | | | | | २ देखि ३ कठ्ठा | | |
| ४ | अभिभावक अपागं | बुवा आमा मध्ये कुनै १ क वा ख वर्गको अपागं भएमा | | | | | ३ कठ्ठा भन्दा माथि | | |

देवचुली नगरपालिका राजपत्र

| क्र.स | आधार | अवस्था | ☑ लगाउने | अंक विद्यालय |
|---|---|---|---|---|
| | | बुवा आमा दुवै ग वा घ वर्गको अपागं | | |
| | | बुवा आमा मध्ये कुनै १ ग वा घ वर्गको अपागं भएमा | | |
| | | नभए | | |
| ५ | परिवारको आयस्रोत | परिवारका सबै सदस्य बेरोजगार | | |
| | | घरमा सामान्य कृषि | | |
| | | सामान्य व्यापार व्यवसाय, ठेला घुम्ती | | |
| | | १ जना मात्र अन्य निजी संस्थामा जागिर | | |
| | | सरकारी जागिर/ २ जना नै जागिर / ठुला व्यापार व्यवसाय | | |
| | | वार्षिक ५० हजारभन्दा कम | | |
| | | ५० हजार देखि १ लाख सम्म | | |
| | | १ लाख देखि १ लाख ५० हजार सम्म | | |
| | | २ लाख सम्म | | |
| | | २ लाख भन्दा माथि | | |

| क्र.स | आधार | अवस्था | ☑ लगाउने | प्राप्तांक विद्यालय |
|---|---|---|---|---|
| ८ | परिवारमा विद्यालयमा पढ्ने सदस्य संख्या | ३ वा सो भन्दा माथि | | |
| | | २ जना | | |
| | | १ जना मात्र | | |
| ९ | गत शैक्षिक सत्रको वार्षिक परीक्षामा प्राप्त GPA | ४.० जी.पि.ए | | |
| | | ३.६ - ४.० जी.पि.ए | | |
| | | ३.२ — ३.६ जी.पि.ए | | |
| | | २.८ — ३.२ जी.पि.ए | | |

विद्यार्थीको नामः ........................................ बुवाको नाम थरः ............................................................... सम्वन्धित वडाबाट प्रमाणित

विद्यार्थीको दस्तखतः आमाको नाम थर .......................................... दस्तखतः

कक्षाः रोल नः अभिभावकको दस्तखतः नामः

पदः

नोटः माथि उल्लेखित क्र.स. १-९ सम्मका अवस्थाहरु पुष्ट्याई गर्ने कागजात हरु अनुसूची निवेदन साथ संलग्न गर्नुपर्नछ । मिति

## अनुसूची — १ ख

(दफा ५ को उपदफा ३ सँग सम्वन्धित)

सामुदायिक विद्यालयका अति विपन्न तथा जेहेन्दार विद्यार्थीहरुले छात्रवृत्ति रकम प्राप्त गर्न भर्नुपर्ने फारम

श्रीमान प्रधानाध्यापक ज्यू,
श्री ..................................................
.......................................................

विषयः विपन्न तथा जेहेन्दार छात्रवृत्तिको लागि सिफारिस गरिदिने सम्वन्धमा ।

महोदय,

प्रस्तुत विषयमा देवचुली नगरपालिकाबाट आ.व.................... मा वितरण गरिने विपन्न तथा जेहेन्दार छात्रवृत्ति अन्तर्गत स्वतः आरक्षण कोटामा सिफारिस गरिदिनुहुन तपसिल अनुसारका आधार सहित अनुरोध गर्दछु ।

<u>तपसिल</u>

उपयूक्त आधारहरुमा ☑ लगाउने

१. बुवा आमा दुवै नभएको(असाह्य) ☐
२. विद्यार्थी क वा ख वर्गको अपागं भएको ☐
३. बुवा आमा दुवै क वा ख वर्गको अपागं भएको ☐
४. नगर स्तरीय परीक्षामा ४.०० जि.पि.ए. प्राप्त गरेको ☐
५. देवचुली नगरपालिकाको स्थायी बासिन्दा भई देवचुली नगरपालिका भित्रका शैक्षिक संस्थामा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गरेको । ☐

विद्यार्थीको नामः ........................................ बुवाको नाम थरः
..............................................................

विद्यार्थीको दस्तखतः आमाको नाम थर ..........................................

दस्तखतः अभिभावकको दस्तखतः

कक्षाः रोल नः

सम्वन्धित वडाबाट प्रमाणित
दस्तखतः
नामः
पदः
मितिः

नोटः माथि उल्लेखित अवस्थाहरु पुष्ट्याई गर्ने कागजात हरु अनुसूची निवेदन साथ संलग्न गर्नुपर्नछ ।

देवचुली नगरपालिका राजपत्र

# अनुसूची -२

## दफा ५ को उपदफा २ सँग सम्वन्धित

## <u>अति विपन्न तथा जेहेन्दार छात्रवृत्ति  विद्यालयले नगरपालिकामा सिफारिस गर्ने  फारम</u>

| क्र.स. | विद्यार्थीको नाम | कक्षा | अध्ययन अवधि | स्थायी ठेगाना | अति सिमान्तकृत | | आमा/बुवा नभएको | | विद्यार्थी अपागं | | अभिभावक अपांग | | परिवारको आयस्रोतको अवस्था | | आवास को अवस्था | | जग्गाको अवस्था | | परिवार सदस्य संख्या | | सिकाइ उपलब्धी | | जम्मा प्राप्ताकं | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १० | | १० | | १० | | १० | | ३० | | १० | | ५ | | ५ | | १० | | १०० | |
| | | | | | विद्यालय | समिति | विद्यालय | समिति | विद्यालय | समिति | विद्यालय | समिति | विद्यालय | समिति | विद्यालय | समिति | विद्यालय | समिति | विद्यालय | समिति | विद्यालय | समिति | विद्यालय | समिति |
| १ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| १४ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| १५ | | | | | | | | | | | | | | | | | | | | | | | | |

| | | | |
|---|---|---|---|
| ....................................... .......... | .................... | ................................ | .......................... .. |
| | | | अन्तर्वार्ता |
| तयार गर्ने | प्रधानाध्यापक | वि.व्य.स. अध्यक्ष | प्रतिनिधि |

## अनुसूची -३

(दफा ५ को उपदफा ३ सँग सम्वन्धित)

विपन्न तथा जेहेन्दार विद्यार्थी छनौट प्रयोजनको लागि मूल्यांकन र प्राथमिकीकरणका आधारहरुः

**छनौटका आधारहरुः**

**क. स्वतः आरक्षणका आधारहरुः**

१. बुवा आमा दुवै नभएको(असाह्य)
२. विद्यार्थी क वा ख वर्गको अपागं भएको
३. बुवा आमा दुवै क वा ख वर्गको अपागं भएको
४. नगर स्तरीय परीक्षामा ४.०० जि.पि.ए. प्राप्त गरेको
५. देवचुली नगरपालिकाको स्थायी बासिन्दा भई देवचुली नगरपालिका भित्रका शैक्षिक संस्थामा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गरेको ।

**ख. प्राथमिकताका आधारहरु**

१. अति सिमान्तकृत विद्यार्थी
२. आमा वा बुवा नभएको विद्यार्थी
३. विद्यार्थी अपागंता
४. अभिभावक अपांगता
५. परिवारको  आयस्रोत
६. आवासको अवस्था
७.  जग्गाको अवस्था
८. विद्यालयमा अध्ययनरत परिवारका सदस्य संख्या
९. विद्यार्थीको सिकाइ उपलब्धी

देवचुली नगरपालिका राजपत्र

# अनुसूची -४

दफा ६ को उपदफा १ सँग सम्वन्धित

विपन्न विद्यार्थी छनौट प्रयोजनको लागि मूल्यांकन र प्राथमिकीकरणको लागि विद्यार्थी अन्तर्वार्ता फारम

विद्यार्थीको नामः कक्षाः विषय (कक्षा ११-१२ को हकमा)

विद्यालयको नाम र ठेगानाः

विद्यालयबाट छात्रवृत्तिको लागि छनौट भए/नभएकोः छनौट भएको भए क.स.

अन्तर्वार्ताको लागि प्रश्न सोध्ने आधारहरु /प्रश्नहरु

| क.स | आधार | अवस्था | विस्तृतिकरण | अंक |
|---|---|---|---|---|
| १ | अति सिमान्तकृत | | | |
| २ | बुवा आमा दुवै नभएको | | | |
| ३ | बुवा/आमा मध्ये १ जना नभएको | | | |
| ४ | विद्यार्थी अपागंता | | | |
| ५ | अभिभावक अपागं | | | |
| ६ | परिवारमा जागिर/व्यवसायको अवस्था | | | |
| ७ | परिवारको आयस्रोत | | | |
| ८ | आफ्नो घर भए/नभएको भएको भए कस्तो छ? | | | |
| ९ | जग्गा छ/छैन छ भने अनुमानित कति छ? | | | |
| १० | परिवारमा कति जना हुनहुन्छ? | | | |
| ११ | गत शैक्षिक सत्रको वार्षिक परीक्षाको जि.पि.ए | | | |

विद्यालयमा पढ्न आउन समस्या छ की छैन?
छ भने के समस्या छ?
अन्य थप केहि भए भन्नुहोस्

अनुगमनकर्ता/अन्तर्वार्ता लिने व्यक्तिको नाम
दस्तखत

## अनुसूची -५

(दफा ६ को उपदफा २ सँग सम्वन्धित)

विपन्न तथा जेहेन्दार विद्यार्थी छनौट प्रयोजनको लागि मूल्यांकन र प्राथमिकीकरणका आधारहरुः

| क्र.स | आधार | पूर्णाकं | अवस्था | अंक |
|---|---|---|---|---|
| १ | अति सिमान्तकृत | १० | अति सिमान्तकृत भएमा | १० |
| | | | अति सिमान्तकृत नभएमा | ० |
| २ | बुवा आमा भए/ नभएको | १० | एक जनामात्र भए | १० |
| | | | दुवै जना भए | ० |
| ३ | विद्यार्थी अपागंता | १० | 'ग'वर्गको | १० |
| | | | 'घ'वर्गको | ५ |
| | | | अपागं नभए | ० |
| ४ | अभिभावक अपागं | १० | बुवा आमा मध्ये कुनै १ क वा ख वर्गको अपागं भएमा | १० |
| | | | बुवा आमा दुवै ग वा घ वर्गको अपागं | ८ |
| | | | बुवा आमा मध्ये कुनै १ ग वा घ वर्गको अपागं भएमा | ४ |
| | | | नभए | ० |
| ५ | परिवारको अवस्था | पेशा रोजगारीको स्थिति १५ | परिवारका सबै सदस्य बेरोजगार | १५ |
| | | | घरमा सामान्य कृषि | १० |
| | | | सामान्य व्यापार व्यवसाय,ठेला घुम्ती | ८ |
| | | | १ जना मात्र अन्य निजी संस्थामा जागिर | ५ |
| | | | सरकारी जागिर/ २ जना नै जागिर / ठुला व्यापार व्यवसाय | ० |
| | | आयस्रोत (वार्षिक) १५ | वार्षिक ५० हजारभन्दा कम | १५ |
| | | | ५० हजार देखि १ लाख सम्म | १२ |
| | | | १ लाख देखि १ लाख ५० हजार सम्म | १० |
| | | | २ लाख सम्म | ५ |
| | | | २ लाख भन्दा माथि | ० |

देवचुली नगरपालिका राजपत्र

| क्र.स | आधार | पूर्णांकं | अवस्था | अंक |
|---|---|---|---|---|
| ६ | आफ्नो घर भए/नभएको भएको भए कस्तो | १० | देवचुलीको स्थायी बासिन्दा भएर पनि आफ्नो घर नभएको कारणले अरु कसैकोमा बस्ने गरेको | १० |
| | | | झुप्रो घर भएको | ८ |
| | | | सामान्य माटोको घर भएको | ६ |
| | | | ढलान घर भएको | ० |
| ७ | जग्गा छ/छैन छ भने अनुमानित कति छ? | ५ | जग्गा नै नभएको | ५ |
| | | | १ कठ्ठा भन्दा कम | ३ |
| | | | २ देखि ३ कठ्ठा | २ |
| | | | ३ कठ्ठा भन्दा माथि | ० |
| ८ | परिवारमा विद्यालयमा पढ्ने सदस्य संख्या | ५ | ३ वा सो भन्दा माथि | ५ |
| | | | २ जना | २ |
| | | | १ जना मात्र | ० |
| ९ | गत शैक्षिक सत्रको वार्षिक परीक्षामा प्राप्त GPA | १० | ४.० जी.पि.ए | १० |
| | | | ३.६ - ४.० जी.पि.ए | ८ |
| | | | ३.२ — ३.६ जी.पि.ए | ६ |
| | | | २.८ — ३.२ जी.पि.ए | ४ |

आज्ञाले
दिबाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका राजपत्र